महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
ललितपुर
२०७३

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललितपुरको व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना ।

यस नगरपालिकाको आर्थिक ऐन, २०७७ ले व्यवसाय दर्ता एवम् नवीकरण सम्बन्धमा देहाय बमोजिम कर छुटको व्यवस्था गरेको हुँदा तोकिएको म्याद भित्र व्यवसाय दर्ता एवम् नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) हाल सम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका व्यवसायीहरुले आर्थिक वर्ष शुरु भएको छ महिना अर्थात् मिति २०७७ पौष मसान्तभित्र व्यवसाय सञ्चालन रहेको सम्बन्धित वडा कार्यालयमा दर्ताका लागि निवेदन दिनु भएमा नगरपालिका स्थापना हुनु पूर्वको व्यवसाय भएमा नगरपालिका स्थापना भएको आ. व. देखि हालसम्म लाग्ने दर्ता शुल्क तथा नवीकरण शुल्कमा २५ (पच्चीस ) प्रतिशत छुट दिईनेछ । ( यो छुट एक पटकको लागि मात्र हुनेछ । )

२) यस अघि नै व्यवसाय दर्ता गरी नियमित कर बुझाइ रहनु भएका व्यवसायीहरुले आ. व. शुरु भएको पहिलो तीन महिना ( असोज मसान्त ) भित्र कर तिर्न आएमा कर रकमको दश प्रतिशत र तीन महिना पछिको अर्को तीन महिना ( पौष मसान्त ) भित्र कर तिर्न आएमा कर रकमको पाँच प्रतिशत छुट दिइनेछ ।

३) परम्परागत घरेलु उद्योगहरु ढाका, सुकुल र भाँडाकुँडाको व्यवसायमा वार्षिक करमा २५ (पच्चीस ) प्रतिशत छुट दिइनेछ ।

४) महिला, आदिवासी / जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गका व्यक्तिहरुलाई व्यवसाय दर्ता शुल्क तथा वार्षिक करमा पचास प्रतिशत छुट दिइनेछ ।

५) तोकिएको म्याद भित्र व्यवसाय दर्ता तथा नवीकरण नगर्ने वा समयमै कर नतिर्ने व्यवसायीहरुलाई नियामानुसार जरिवाना लाग्नुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ । यस सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा नजिकैको सम्बन्धित वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।